**शंकर : अतीतगाथाको प्रतिध्वनि**



***प्रकाश सायमी***

म बसेको घर निबन्धको घर थिएन, उपन्यासको घर थियो । त्यस घरमा उपन्यासका पाठक मात्र थिए । त्यहाँ उपन्यासबाहेक अन्य विधाका पुस्तक कमै पाइन्थे ।
मेरा हजुरबुवा ज्योतिषी विद्या र शास्त्रीय सङ्गीतका अनुरागी भएकाले पं.नारायणदत्त श्रीमालीका फलित दर्पण बाहेक तारबाजाका सबै साजहरू छरिएका हुन्थे । घरको बुँइगलको भ्र्याङको दायाँ भित्तामा तानपुरा भ्रुण्डयाइएको म सदैव देख्थें । हजुरबुवाको शयनकक्षमा बेलाबाज बजिरहेको रातविरात म सुन्न पाउँथे ।
श्रीमालीका जस्तै हिन्दीमा प्रकाशित हुने र नेवारभाषामा उपलब्ध हुने सबै पत्रपत्रिका त हुन्थे तर शरत्चन्द्र , बिमल मित्र, प्रेमचन्द, जैनेन्द्र कुमारका उपन्यास पनि यत्रतत्र हुन्थे म छुन्थे तर पढ्न अनुमति थिएन शायद । त्यसैले म लुकी लुकी पढ्थें । कम बुझ्थें धेरै रुन्थें । मेरो बाल्यकाल उपन्यासभन्दा पर जान सकेन । मैले बाल्यकालमै दौलतविक्रम विष्ट, हृदयचन्द्रसिंह प्रधान कृतिहरू पढ्न थालें । नजानिककनै समको 'मुटुको व्यथा' र 'मेरो कविताको आराधना' पढेपछि म नेपाली साहित्यतिर आकृष्ट त भएँ तर म निबन्धको पाठक बन्न सकिनँ ।
नेवार भाषामा रत्नध्वज जोशी, चित्तधर हृदय, शुक्रराज शास्त्री अनि हृदयचन्द्रसिंह प्रधानका निबन्ध पढेपछि मलाई गद्यविधामा हिन्दी निबन्ध र अङ्ग्रेजी निबन्धले आकर्षित गऱ्यो । हिन्दी र नेवारभाषाका जस्ता निबन्ध नपाएकोले मैले लामो समय नेपाली निबन्ध नै पढिनँ । बरु नेपाली कवितातिर लागेँ, भूपि र रिमालका कविता पढ्न थालें । सम र विजय मल्लका नाटक पढ्न थालें । गुरुप्रसाद मैनाली र अच्छा राई रसिकका गल्प पढ्न थालें । मैनालीका कथाजस्ता कथा मैले हिन्दीमा शरत्चन्द्रको पढिसकेको थिएँ त्यही बाल्यकालमा , त्यसैबेला एकदिन पारिजातको 'शिरीषको फूल' मेरो हातमा आइपुग्यो । उपन्यास त मैले कहिले छिचोल्न सकिनँ तर भूमिका जति पटक किन्दा पनि दोहोऱ्याएँ । 'शिरीषको फूल' हातमा आएपछि म त्यसको भूमिका पढेर आतङ्कित भएँ , करिब चारवर्षसम्म रह्यो त्यो आतङ्क । र, त्यो आतङ्कको गन्धले म शंकरका निबन्धतिर तानिए ।
उपन्यासबाट मेरो चरित्र विघटन भएर म निबन्धतिर सरें एकदिन । म शङ्कर लामिछानेलाई चिन्ने खोजीमा लागेँ । त्यो सजिलो काम थिएन तर गाह्रो पनि लागेन सुरुमा । मन भएकै काम गर्न थालें । र पढ्न खोज्न थालें तर कहिँकतैबाट उनको पुस्तक पाइँन ।
उनी म बसेको मावलीघरबाट तीनकोस दुरस्थ कायोननीमा बस्न आएकाछन् भन्ने कुरा पनि मलाई तीससालतिर थाह त थियो तर नजीक हुने आँट कहिले गरिनँ । म उनी बस्दै गरेको इलाकाबाट दसमिनटको दुरीको स्कूलमा पढ्थें ।
उनी ताहाचलका रैथाने । र उनको खास घर मेरो जन्मघरभन्दा दुई किलोमिटरको दुरीमा थियो, त्यहाँ पुग्ने सामर्थ्य पनि मैले कहिले राखिनँ । किनकि मैले उनका कुनै रचना मनज्ञानले त्यतिवेलासम्म पढकै थिइँन र उनलाई कसरी चिन्ने । नचिनेका लेखक मेरा निम्ति आकर्षण कहिले बनेन । वा उनी भविष्यमा यति प्रिय लेखक होलान् भन्ने अन्तर्बोध मलाई कहिले कतै भएन । म सधैं दृढ थिएँ , मान्छे मनपरेपछि मात्र लेखक मनपर्छ भनेर । मलाई मान्छे मनपराउन साह्रै गाह्रो थियो र छ अझै पनि ।
उनी विस्तारै मलाई मनपर्न थाले जब मैले चार रुपियाँमा उनको 'विम्ब-प्रतिविम्ब' मरुटोलमा किनेर पढें , बुझें । उनको दोस्रो कृति पढेपछि मात्र उनको लेखनीय शक्तिप्रति धुम्म भएँ । लेखकको रुपमा उनको उपस्थितिकरण र उनको लेखनको प्रस्तुतिकरणप्रति म विस्तारै मोहित हुनथालें ।
अब मैले व्यक्ति शङ्करलाई होइन, लेखक शङ्करलाई छान्न थालें । नेवार र हिन्दी भाषामा पढेकाजस्ता निबन्धको तज्जन्य आकर्षण उनको कलममा पाउँदै गएँ , त्यसपछि मैले उनका बाहेक अन्य नेपाली निबन्धकारका निबन्ध पनि पढ्न थालें । तर मलाई बारम्बार शंकरकै निबन्धको धुन र ध्वनिले छुन्थ्यो जुन अरुमा दुर्लभदुर्लभै थियो ।
म त्यसवेला वा मेरो बाल्यकालमा उनकै रचनाभूमितिर हिँड्डुल गर्थें, 'शिरीषको फूल' को भूमिकामा उल्लिखित बसन्तपुर हनुमानढोका, 'विम्बप्रतिविम्ब'मा उल्लिखित जनसेवा हल - जुन भत्काइएर अब विशालकायको बजार बन्दै थियो) म ती बाटाहरू खुब हिँड्थे । 'एकदिन जो बाँचियो' निबन्धमा उनले चर्चा गरेको सुरुङ र "अर्द्धमुदित नयन र डुब्न लागेको घाम' मा प्रयुक्त लोकेशन चौभारका डाँडा म प्रायश घुम्न गइरहन्थें ।
नेपाली साहित्यमा सिनेमाबारे लेख्ने पहिलो लेखक मैले उनैलाई मानें, जब मैले 'शंकर लामिछाने शंकर लामिछानेको दृष्टिमा' व्यक्ति विम्बमा कट् र एक्शनका कुरा पढेपछि । आज कालान्तरमा म स्वयम् सिनेमाको विद्यार्थी भएँ । सिनेमामा रुचि भएका साहित्यकारको दृश्यसत्ता मलाई पृथक लाग्थ्यो तिनले टेक्निकलाई सादृश्य बुझ्न सकेकोजस्तो मलाई लाग्थ्यो– समले प्रेमपिण्डमा त्यो अभिलाषा देखाए, इन्द्रबहादुर राईले उत्तरार्खर्द्धतिरको लेखनमा त्यो कमाल गरेका छन् । शंकरमा मैले त्यो पहिल्यै पाएँ, अँग्रेजीमा भन्छन् नि , लभ एट फर्स्ट साइट । हो, त्यही भयो मेरो किशोरकालमा ।
मलाई शंकरसित साक्षात्करण हुन मनलाग्यो ।
एकदिन मैले पिताजीलाई भनें , मलाई शंकर लामिछाने भेट्न मन छ ।
पिताजी लेखकलाई आदर गर्नुहुन्थ्यो, राम्राराम्रा लेखकलाई । उहाँ प्रायः सक्रिय लेखक सबैलाई चिन्नुहुन्थ्यो, चित्तधर हृदय, फत्तेबहादुर सिंह, सिद्धिचरण श्रेष्ठ, बलराम श्रमजीवी, सत्यमोहन जोशी आदिसित उहाँको राम्रै चिनाजानी थियो । तीसबत्तीस सालको काठमाण्डूमा मान्छेले मान्छेलाई भेट्न समय माग्नु पर्दैनथ्यो । बाटोमा हिँड्न आजजस्तो यातायातको डर वा त्रास देखिँदैनथ्यो । फोन गरे मान्छे आजजस्तो मोबाइलमा ढाँट्दैन थिए । भनेको समय घरैमा भेट हुन्थ्यो । त्यस्तै भयो हामी शङ्करले बोलाएको समय शङ्करको घर पुग्यौं ।
यो अचम्मै भो मेरो जीवनमा । शंकरले मलाई पहिलो भेटमै भन्नु भो, "छोरा ज्ञानी रहेछ । "
फेरि मेरा पिताजीलाई बल गर्दै भने, "रत्न । छोरालाई यहीं प्रेसमा जागिर खुवाऊ । "
पिताजीले इन्कार गर्नुभो "कि यो इञ्जिनियर बन्छ । कि केही बन्दैन, मजस्तै औसत व्यापारी । "
तर मैले मनमनै 'म केही बन्न नसके प्रकाश सायमी बन्छु' नै भनेर निश्चिन्त भइसकेको थिएँ तर प्रकाश सायमी बन्नु भनेको के हो मेरैलागि अन्यौल थियो ।
शङ्करलाई भेटेर आएपछि मैले एउटा निबन्ध-कथा लेखें, त्यहीबेला । शङ्कर बाज्या शीर्षकमा । धेरैवर्षपछि एउटा साहित्यिक पत्रिकामा त्यो छापें । त्यो निबन्धकथा छापिएपछि धेरै विवाद र विमति आए । एकजना समालोचक महोदयले शङ्करजीले सराद्धे पनि गर्नुहुन्थ्यो ? भनेर मलाई तर्साए । मेरो अल्मल्याइ निक्कै वर्ष लम्बियो ।
मलाई थाहा थिएन उनै शंकरका निम्ति म अभेग भएँ । मैले पछि थाहा पाएँ पिताजीले भेटाइदिनुभएका शंकर, लामिछाने नभएर शर्मा थिए, सम्पादक चन्द्रलाल शर्माका पिता । म नराम्ररी चुकेछु त्यो उमेरमा । एउटा मेरो रचनाले मेरो जीवनमा अर्कै रचना सुरु गऱ्यो ।
शंकरलाई वास्तवमा मैले चिनेकै रहेनछु , अब पो चिन्ने भएँ । जब मैले शंकरलाई वास्तवमा चिनें तिनी यस संसारबाट विदा भइसकेकाथिए । गुडबाई शङ्कर भनेर साराले विर्सिसकेकाथिए अनि बल्ल मैले चिनें ।

**काठमाण्डौं : २०५७**

नेपाली जगतका प्रतिबद्ध संगीतकार अम्बर गुरुङले रत्ना लामिछानेलाई एकलाख बीस हजार दिएको तस्वीर माघ ११ गते २०५७ को बुधवार एउटा राष्ट्रिय दैनिकमा छापिएको लगत्तै शंकर लामिछाने यो सहरमा फेरि एकपटक चर्चाको विषय बन्यो । यसभन्दा अगि यस किसिमका कार्यक्रम मार्फत् कुनै स्रष्टाको निम्ति रकम जुटाउने सत्कार्य भएको, सुनेको वा देखेको थिइँन, मेरो जीवनको विगतमा । त्यो खबरकागजको निम्ति नयाँ सूचना थियो भने मेरा निम्ति नयाँ चेतनाको सन्देश थियो ।
समाचार यस्तो शीर्षकको थियो ,
“शंकर लामिछानेका नाममा कोष स्थापना
काठमाडौं, १० माघ । मृत्युपछि २५ वर्षसम्म कुनै औपचारिक समारोहबीच सम्झनासम्म नगरिएका निबन्धकार शंकर लामिछानेको पच्चीसौं स्मृति दिवसका अवसरमा उहाँका दुर्लभ कृति प्रकाशन र निबन्ध विधामा विविध सिर्जनात्मक गतिविधि संचान गर्ने उद्देश्यले शंकर लामिछाने निबन्ध कोश को औपचारिक घोषणा गरिएको छ । ”
यो समाचारसँगै तस्वीर पनि छापिएको थियो, अम्बर गुरुङको हातबाट रकम शङ्कर पत्नी रत्नालाई दिँदै गरेको । तस्वीरको पछिल्तिर म पनि उभिएको थिएँ । यसरी पछिल्तिर बसेर मैले शुरु गरेको यो काममा मेरा पछाडि मेरा असंख्य भावकको सक्रियता थियो जसको नामको सूचि यहाँ बनाउनै सक्तिनँ । कति कति ?
कान्तिपुरको पृष्ठ पाँचमा छापिएको त्यो खबरले साहित्यिक जगतमा सनसनी ल्यायो ।
निबन्ध विधाका भरपर्दो संरक्षक लामिछानेका वारेमा त्यसदिन डा. तारानाथ शर्माले भन्नुभो, “भूपि शेरचनको घुम्ने मेचमाथि अन्धो मान्छे र मेरो घोत्ल्याइँहरू शंकरदाइकै कारण जन्मेका हुन् । ”
त्यो कसरी शंकरको ताहाचलको कुन कोठामा कसरी जन्मियो उनले प्रेमपूर्वक स्मरणमा ल्याएकाथिए । शर्माले सो कार्यक्रममा रिमालको ‘आमाको सपना’ कसरी मदन पुरस्कारका लागि बुझाइयो त्यो पनि गर्वले सुनाएकाथिए । डा. शर्माले भने, “शंकरदाइले मलाई बाहिरि संसारमा खुलेर निक्लिन सिकाएकाछन्, उनका निबन्धमा मैलिकता नभेट्नु भनेको संवेदनाको कमी मात्रै हो । मैले लैनसिंह बाँदेलका चित्र, अम्बर गुरुङका संगीत, भूपिका कविता र शंकरका निबन्धमा कुनै अन्तर देखेको छैन । ”
शंकर लामिछानेका निबन्ध र उनका कृति प्रकाशन गर्न रेडियो सगरमाथाको अजम्बरी गीतस्रोत कार्यक्रम मार्फत् चलाएको शंकर साता पछि यो कार्यक्रम आयोजना गरिएको थियो , यस कार्यक्रममा शंकरका सबै शुभेच्छुक, स्वजन र अपरिचितलाई बोलाएका थियौं । रेडियोमा चलेको कार्यक्रमको लोकप्रियताले गर्दा आयोजनास्थल नेपाल पर्यटन बोर्ड एक स्वजनले निःशुल्कमा उपलब्ध गराएकाथिए , पदीय दायित्वको कारणले गर्दा ती शुभेच्छुकको नाउँ यहाँ उल्लेख गर्न म असमर्थ भएँ ।
माघ १० गते पर्यटन बोर्डको प्रेक्षालयमा सम्पन्न भइरहेको कार्यक्रममा रेडियोका एकजना नियमित स्रोताभाइले आफूसँग तेह्र रुपियामात्र भएको र उनीसित अरुण थापा बित्दा पनि तेह्र रुपिया मात्र भएको दुःखद् इतिहास जोडिएको उपक्रम सहितको चिरेटो पठाएपछि मैले मञ्चबाट त्यही कुरा वाचन गरिदिएँ त्यसपछि रकमदाताको भीड लाग्यो , कोही पाठक, कोही आफन्तजन, कोही अपरिचित कुनै संघसंस्था । सोही सभा भवनमा एकघन्टाभित्र बयालीस हजार सात सय पच्चीस रुपिया संकलन भएको थियो भने भावक अभियानका साथीहरूले खटेर कमाएको १लाख २ सय ५१ रुपिया समेत टाइ र टुपीस शुट लाएका अम्बर गुरुङले रत्नालाई दिएको समय उनी बढी भावुक भएकाथिए । र, अम्बरले भावुक भएर भनेकाथिए, “मैले यो दिनको प्रतीक्षा गरेको तीन दशकभन्दा बढी भइसक्यो ।”
तीनदशकपछि घटेको यो घटनाले शंकरको परिवारमा पनि ठूलो परिवर्तन ल्याएको थियो त्यो, शंकरका दुवै पत्नी त्यहाँ सभाहलामा उपस्थित थिए , रत्ना र सुवर्ण । दुवै पत्नीका छोरा र छोरी त्यहाँ थिए, शिखा र प्रवास । शिखाले कोषका निम्ति दिएको १७ हजार ९ सय ९५ रुपिया पनि समाचारको सार बनेको दिन थियो त्यो ।
प्रमुख अतिथि गुरुङले अझै गम्भीर भएर भने , “एउटा कलाकार वा लेखकले यो देशका लागि दिने कुरा नै भावना हो । भावनका कुरामा हामी पछाडिबाट अगाडि लागेका छौं, यो खुशीको कुरा हो । ” मैले अम्बर गुरुङलाई चिनको शंकर लामिछाने पढ्न थालेको समयदेखि नै हो तर उनलाई यति भावुक भएको चैं यो पहिलो पटक हो ।
शंकर लामिछानेका वारे बोल्दा अम्बरको गला अवरुद्ध भएको कुरा अखबारले समाचारमा कोट गरेको थियो भोलिपल्ट । समाचारमा यस्तो पनि लेखिएको थियो, सगरमाथा रेडियोमा अजम्बरी गीत संगीत कार्यक्रम प्रस्तोता प्रकाश सायमीको अग्रसरतामा यो साताभर निबन्धकार शंकर लामिछानेको सिर्जनशिल्पीमाथि परिचर्चा भएको थियो । ...कोषका सचिव प्रकाश सायमीकाअनुसार शंकर लामिछानेको जन्मतिथि पारेर आगामी चैत ५ गते उहाँको एब्स्टैक्ट चिन्तन प्याज, प्रकाशनमा आउनेछ भने युवास्रष्टालाई दिइने १० हजार रुपैयाको लामिछाने निबन्ध पुरस्कारको घोषणा गरिने छ ।...
यो समाचारले निबन्ध र युवा जगतमा तहल्का ल्यायो तर रेडियोको कार्यक्रम मार्फत् रकम संकलन गरिएको यो घटनाले गृह मन्त्रालयलाई तनावग्रष्त बनायो । मन्त्रालयका एक कर्मचारीले मलाई फोन गरेर भने, रेडियोलाई जुवाको खाल बनाउनु भएन प्रकाशजी ।
यसपछि म चूप लाग्नुपर्ने अवस्था आयो भने एफएमकै व्यवहार पनि मप्रति बद्लियो । केही शंकरविरोधी चेतनाले मलाई लखेट्न पनि खोजेका थिए । तर यस अभियानका पछाडि शंकरसेनाको अभेद्य भीड नै थियो , ती हारे शायद ।
चैत ५ गते । दुइटा पुस्तक निस्के, एब्स्टैक्ट चिन्तन र कथा संग्रह गौंथलीको गुँड । प्याज भावक अभियान नेपालले निकाल्यो भने गुँड शंकरकै सम्धि देवेन्द्र पाण्डेले । प्रज्ञाभवनको प्रवचन कक्षमा प्रमुख अतिथि प्रा डा डीपी भण्डारीले दुवै पुस्तक सशुल्क किनेर विमोचन गरे ।
बजारमा पुस्तकको माग यथेप्सित हुन थाल्यो ।
भावक अभियान नेपालका साथीहरुले साइकलमा पुस्तक ग्राहकलाई पुर्‍याउने मेसो मिलाए, नेकोन एयर देखि टीचिँ हस्पिटलसम्म ।
यसरी शंकर छत्तीसवर्षपछि पुनः सार्वजनिकरण भए । लेखप्रलेखहरु लेखिए, समर्थन आलोचना सबै भए । शेष इतिहास बन्दै गयो । म मूक दर्शक भएर समयको किनारमा बसेर हेर्न थालें, “यो के अचम्भ भो,सपनाजस्तो ? ”

**रेडियोमा निबन्ध**

रेडियोमा गजल पढिन्थ्यो, गीत कविता वाचन गरिन्थ्यो । कथा वा नाटक गरिन्थ्यो । मैले निबन्ध पढें त्यो पनि रात्रिकालीन समयमा ।
यो मेरो निम्ति वाचिक संस्कृतिमा नयाँ अनुभव थियो । पछि थाहा भो, यो मेरा निम्ति मात्र होइन मसँग काम गर्ने सहकर्मीका लागि पनि एउटा नूतन अनुभूति थियो रहेछ । जब मैले यस विषयमा काम गरें मसँग पर्याप्त अनुभव थिएन वा मैले त्यसकिसिमको जोहो पनि गर्न पाइँन , सावसचेत पनि हुन पाइँन ।
रेडियो सगरमाथाको बिद्युतीय तरँगमा जब मैले शङ्कर लामिछानेको ‘जीवन :एक प्राध्यापक’ वाचन गरें मेरा एक नियमित स्रोता दीपेश उपाध्यायले मलाई पत्र पठाएर गुनासो व्यक्त गरे, “दाइ, यो कस्तो अन्याय ? तपाईले मात्र शंकर लामिछानेका निबन्ध पढ्न पाउने ? हामीले कहिले पढ्न पाउने । ”
उनको यो प्रश्नले म चकित मात्र भइँन, क्षतविक्षत नै भएँ । किनकि वर्षौंवर्षदेखि म आफै पनि शंकर लामिछानेका पुस्तकको खोजीमा अनवरत रूपमा लागिरहेको बीसवर्ष भइसकेको थियो । मेरो बीसवर्षको अथक प्रयासमा मैले कैयन् पटक उनका पुस्तकका प्रकाशक, कैयन् पटक उनका साथी समीक्षक सित पुस्त नमागेको होइन । रत्न पुस्तक भण्डार, पुस्तक संसार आदिसित मैले कुरा नगरेको पनि होइन तर कसैले यसका निम्ति सघाउन सकेनन् ।
उनका पुस्तकको पुनर्प्रकाशनका निम्ति एकताका रत्नपुस्तकका चन्द्रप्रसाद श्रेष्ठसित कुरा गर्दा उहाँले स्पष्टतः इन्कार गर्नुभयो, “यो पुस्तक फेरि निकाल्न ठूलो झमेला छ । लेखकका छोराले असहमति जनाउँनेछन् । उनकी दोस्री श्रीमती पनि छन् , उनलाई पनि सोध्नुपर्ने हुन्छ । गाह्रो छ ।..” त्यसपछि मैले आँटै गरिनँ । र, त्यो मेरो क्षमताभन्दा बाहिरको कुरा भएर गयो ।

शंकर लामिछानेका किताब पढ्ने रहर मलाई त्यो बेला मात्र होइन, बचपनदेखि नै थियो । बचपनमै मैले एकपटक शंकर लामिछानेका टुक्रा टुक्रा निबन्ध पत्रपत्रिकामा वा पाठ्य पुस्तकमा पढिसकेको भएपनि सग्लो पुस्तक नै हातमा लिएर पढ्न बसेको आनन्द मैले भोगेको थिइँन । यसैबेला मैले बागबजारमा डेरा गरिबसेका लेखक मञ्जुल नेपालको आवासमा लामिछानेको निबन्ध संग्रह "एब्स्ट्रैक्ट चिन्तन : प्याज" देखें, त्यो नै मैले पहिलोपटक प्याजको मुखावरण देखेको समय थियो , सम्बत् २०५६ । मैले कवि मञ्जुललाई सो पुस्तक पढ्नको निम्ति आग्रहपूर्वक मागें । उहाँले सपाटरूपमा उत्तर दिनुभयो "..यो मेरो सबभन्दा प्रिय पुस्तक हो भाइ । यो सधैं मेरो सिरानीमा हुनैपर्छ भाइ । मलाई गाह्रो हुन्छ । "
त्यो गाह्रो मैले बुझें र हुने गाह्रो देखेर मैले दोहोऱ्याएर पुस्तक मागिनँ । एकपटक यसैगरि कवि नाटककार रमेश के.सी.लाई उत्तम नेपालीको घर देखाउन र भेटाउन उनको घर जाँदा मैले लामिछानेको अर्को पुस्तक गोधूली संसार त्यहाँ देखें, माग्न सकिनँ । नदेलान् भनेर । मित्र रमेशले मागे र पाइ हाले । म चुकें ।
त्यसपछि मैले कवि मित्र राजेन्द्र पराजुलीसित गफगाफमा शंकरको प्याजको कुरा गर्दा उनले मसित छ भने मैले यसपालि आँटै गरेर मागे । उनले नवबर्ष २०५७ को पहिलो दिनको पहिलो नेपाल बन्दमा मलाई त्यो पुस्तक उपलब्ध गराइदिए । नेपाल बन्द थियो तर मेरा निम्ति सारा संसार खुलेसरि भयो ।
म हिँड्दै त्यो पुस्तक लिन गएँ ।
एब्स्ट्रैक्ट चिन्तन प्याज मेरो घर छिऱ्यो । मैले यसपछि रेडियो मार्फत् सबैको घरघर पुऱ्याएँ । जस-अपजस दुवैको भागी भएँ । डाहा इर्ष्याको पात्र पनि भएँ । साँगीतिक कार्यक्रममा निबन्ध मात्र पढ्यो भन्ने आरोप पनि आयो । रेडियोमा यसकिसिमको कृति वाचन पहिलो भएपनि मलाई हौसला दिने रेडियो सगरमाथाका दुवै स्वजन हेमबहादुर विष्ट र किरण नेपाल रेडियो छोडेर गइसककेकाथिए । कार्यक्रमको प्रसारणमा व्यापकता आएपछि कमल दीक्षितले आफूसित संगृहित रेकर्डहरू उपलब्ध गराउनुभो, उहाँ सदैव आफूलाई मेरो फ्यान भन्न मनपराउनु हुन्थ्यो ।
कमल दीक्षित र उहाँजस्ता थुप्रै स्वजनको सहयोगमा म अगि बढे, भावक अभियान नेपालका तत्कालीन अध्यक्ष दीप अधिकारी, सचिव मनोजकुमार शर्मा लगायत अमित रिजाल, नबीन पखेली, छोइसाँग लोप्चन, मायामितु न्यौपाने, गण्डकीपुत्र, लक्ष्मण केसी,राजेश प्रधान, आरजु विष्ट सल्याणी आदि ले दिलो ज्यानले सघाए हरेक रातिको कार्यक्रमका निम्ति सबैजना दिनभरि खट्थे ।
एकदिन कवि भीष्म उप्रेतिको घरमा गोधूली संसार भेट्टाएँ, शंकर लामिछानेले केशवबहादुर शाहलाई उपहार दिएको त्यो पुस्तक पनि मैले वाचन सुरु गरें । त्यसपछि कवि मुरारि सिग्देलको अस्मिताज्मा चार रुपियाको विम्ब प्रतिविम्ब दश रुपियामा किनें र त्यो पनि वाचन सुरु गरें । कति शुभेच्छुकले रेडियोमा निबन्ध वाचन सुरुभएपछि आफूसँग भएका पुस्तक, पत्रिका सामग्री जुटाइदिए । यसरी विस्तारै शंकरमय दिन शुरु भए ।
कार्यक्रम प्रसारण सुरुभएको एक सातापछि मात्र म शंकरपत्नी रत्नासित परिचित हुन पुगें । त्यसपछि कार्यक्रम प्रसारण कै अवधिमा विष्णु नाम गरेका एक भावकबाट अर्की पत्नी सुवर्णको पनि जानकारी पनि आएँ । दुवै शंकरपत्नीलाई एकदिन रात्रिकालीन कार्यक्रममा फोनमा अन द स्पट वार्ता गरेर पुस्तक प्रकाशनको निम्ति अनुमति मागे । दुवै भाउज्यूलाई रेडियोको लाइभ कार्यक्रममा कन्भिस गरियो तर पुस्तक निकाल्न हामीसित पैसा थिएन ।
भावक राजेश प्रधानले प्रेसको र मनोजकुमार शर्माले पैसाको कुरा मिलाउन थाल्नुभयो । यसबीच एक शुभेच्छुक नगेन्द्र शर्माले धेरै पटक पुस्तक निकालीदिने वाचा गनु भयो तर उहाँले नसक्ने भएपछि राजेश प्रधानले हामी आफैं नै तयार हौं भन्न थाले । करीब डेढ महिनाको अथक प्रयास पछि मनोज र राजेशजीले एउटा आकर्षक आवरणसहित चिन्तन प्याज नयाँ संस्करण ७५ रुपियामा तयार पारेर कोपुण्डोलको कार्यालयमा ल्याउनु भो । त्यसपछि बजारमा ठूलो खैलाबैला मच्चियो ।
शंकरको पुनर्जन्म । युवाहरुमा शंकर । शंकरमय वर्ष । विभिन्न शीर्षकले बजार थर्कियो ।
ती दुवै किताब छ महिनामा सकिए । फेरि भावक अभियानले गोधुली संसारको पुनर्प्रकाशन गऱ्यो । माधव घिमिरे प्रज्ञा भवनमै यसको विमोचन गर्नुभो । त्यसपछि विम्ब प्रतिविम्ब निस्कियो लैनसिंह बाङ्देलले विमोचन गर्नुभो स्पाइनी बाब्लरमा ।
यसरी शंकर विस्तारै युवा पुस्तामा हस्तान्तरण हुँदै गयो , युवाहरूको सक्रियतामा शंकर लामिछाने कोश स्थापना भयो । बिस्तारै शंकर लामिछानेको घोषणाको अनुगुञ्ज कानमा गुञ्जिन थाल्यो, मेरा कृति आजका लागि होइन , आजको पचास वर्षपछिका पाठकका लागि हो । "
विस्तारै शंकरका पाकठहरु प्रतिविम्बित हुन थाले मेरो आँखामा । पढेका नपढेका, देखेका नदेखेका । सबै तह र तप्का, सबै उमेर र अवस्थाका । पुस्तक घर घर पुऱ्याउने अभियान जारी थियो । विस्तारै उनका प्रकाशक विम्बित हुन थाले मेरो मनमा । उनका कृतिहरू हामीले अब साझा प्रकाशन जस्तो संस्थालाई सुम्पियौं । उनका पुस्तक भावक अभियान नेपालबाट विस्तारै पैरवी प्रकाशनजस्ता संस्थालाई सुम्पेर जनचासोको विषय बनायौ ।
शंकर मेरा निम्ति पारिवारीक नाम हुँदै गयो । हामीले (भावक अभियान र मैले) विस्तारै शंकर लामिछाने निबन्ध कोश उनकै परिवारको संरक्षणमा सुम्पिदियौं उनका स्वजनको हातमा । मैले घोषणा गरेको एउटा काम बाँकी थियो, शंकर लामिछाने निबन्ध पुरस्कारको घोषणा गर्ने , मैले आफू उपाध्यक्ष पदमा रहेकै बेला यस कार्य सम्पन्न गर्ने इच्छा श्रीमती रत्ना लामिछानेलाई प्रस्ताव गरें र हामी दुवै निर्णायक समिति बनाउने तयारीमा जुट्यौं, पहिलो निर्णायक टोलीबाट काम हुननसक्ने देखिएपछि रत्ना भाउज्यु र मैले ईश्वरवल्लभलाई प्रस्ताव गऱ्यौं । मैले रत्नाभाउज्यूलाई लिएर वल्लभदाइको घर गएँ र प्रस्ताव राखें, उहाँले सहज सर्तमा स्वीकार्नुभो । तर एउटा प्रस्ताव राख्नु भयो हाम्रासामू , पारिश्रमिकको । सदैव कृतिश्वको दावी गर्ने स्रष्टा शंकर लामिछाने र उनको भावनालाई आदर गर्ने उनकी जीवनसंगिनीले यो प्रस्ताव नाइँ भन्ने कुरै भएन । प्रमुख निर्णायकलाई १५ हजार र अन्य दुई सहायकलाई ८।८ हजार रुपिया निर्णय भयो । म यसरी पैसा खर्च गर्दा एक एक पल ती शंकरप्रेमी भावकको स्नेह सम्झन्थें जसले आफ्नो पढ्ने कोर्सबुकको पैसा काटेर हामीलाई रकम दिएका थिए, ती भावकको जसले दसैँमा घरजाने बसभारा बचाएर हामीलाई कोश स्थापना गर्न बल गरेका थिए ।
बाटोमा फर्किंदै गर्दा रत्ना भाउज्यूले मलाई सोध्नु भो, "ईश्वरवल्लभ राम्रो च्वाइस भो होइन त , भाइ ? " भाउजू मलाई सदैव शंकरको सरोगेटेड सन् भन्नुहुन्थ्यो तर माया गरेर भाइ नै भन्न मनपराउनुहुन्थ्यो । मलाई थाहा थियो, ईश्वरवल्लभको चयनमा भाउजूको सहमति र खुसी हुनेछ । तर म झन् खुसी थिएँ, एकपटक मसित कालिका एफएमको कार्यक्रममा चित्तवनजाँदा वल्लभदाइले गुनासो गर्नुभएथ्यो, "मलाई सबैले शंकरदाइको विरोधी भन्छन् तर म होइन । उहाँसित मेरो सानो झगडा चैं परेको थियो, निबन्ध र विलियम सारोयानका वारेमा । पछि मैले प्रतिक्रिया लेखें । दाइ,यो सारोयानजस्तो भएन त ? भनेर । यत्ति हो... । "
शंकर अभियान चलिरहेको बेला पिपलबोटमा कतिपय साहित्यकारले कुमुदिनी भनेको ईश्वरवल्लभ हो पनि भनेका थिए , त्यसमा मैले विश्वास गरिनँ कारण मैले कुमुदिनीलाई मैले गोविन्द शर्मा मार्फत् चिनिसकेको थिएँ । वल्लभदाइ भन्नुहुन्थ्यो, म मेरा शंकरदाइलाई आदर गर्छु । केही गर्न चाहन्छु ।
यो संयोग त्यसैको लागि बन्यो । अनि वल्लभदाजुले कमिटीमा को को राख्ने नाम पनि चयन गर्नुभो , त्यस टोलीमा एकजना महिला पनि होस् त्यो मेरो विशेष आग्रह थियो, कारण लामिछानेलाई महिलाकै नामबाट हमला गरिएको थियो त्यस । मैले । उहाँले अन्तिम पटक स्वीकृतिको निम्ति नाम पठाउनुभयो मैले ओके गरिदिएँ, किनकि प्रमुख निर्णायकलाई सम्मान र अधिकार दुवै दिने इच्छा कोशमा निर्णय भइसकेको थियो ।
अचानक ईश्वरवल्लभ मुटुको रोगको कारण नर्भिक अस्पताल थापाथलीमा भर्ना हुनु भो, २१३ नं मा हामी भेट्न गयौं र उहाँलाई आश्वस्त गऱ्यौं "आत्तिनु पर्दैन" भनेर । हामी उहाँलाई केही पारिश्रमिक र केही ढाडस दिएर फर्कियौं ।
पहिलोपटक शंकर लामिछाने निबन्ध पुरस्कार २०६२ सुयोग्य पात्र कृष्णचन्द्र सिंह प्रधानलाई दिइयो , माधव घिमिरेको प्रमुख आतिथ्यमा । शंकरका छोरा प्रवास र मैले ताम्रपत्र दिन सघायौं फोटो भोलिपल्ट त्यस्तै छापियो, अखबारमा । एउटा अँग्रेजी दैनिक दी हिमालयन टाइम्स् ले यस्तो लेख्यो ...पहिलो पंक्तिमै ,

*Five years ago Prakash Sayami, who was then working as a radio jockey at Radio Sagarmatha, came across a book of essays that left him stunned. He could not belive that a Nepali had written such essays and was not read.*

*(The Himalyan Times March 19, 2006)*
त्यसदिन रत्ना भाउज्यूले फेरि बोल्नुभो, “उनका प्रशंसक र प्रकाशले शंकरलाई उज्यालोमा ल्याए । ”
कमल दीक्षितले भन्नु भो, “लामिछानेलाई सायमीजीले रि-क्रियश्चीनाइज्ड गर्नुभयो । ”
मान्छेले अनेकानेक भने प्रशंसामा, आरिसमा र गुनासोमा पनि । कसैले मलाई मोतिराम भने मलाई पटक्कै मनपरेन यो तारिफ । शंकरका भाइ लक्ष्मण लामिछानेले तपाई के हो हामीलाई थाहा छ भने । पिटर जे कार्थकले दी काठमाण्डू पोस्टमा लेखि नै दिए, एउटा सच्चा जैम्स बौस्वेल भनेर । धेरैले भन्छन्, तपाईले शंकर लामिछानेलाई चिनाउनु भो तर एकान्तमा कहिलेकाहीँ म आफै सोच्छु , शंकर लामिछानेले पो मलाई चिनाएका हुन् कि ?
एकदिन मैले शंकर लामिछाने निबन्ध कोश छोडेँ, अरू ठाउँ र नोकरी छोडेजस्तै तर यो मेरो नोकरी त थिएन तर म सधैँसधैँ शंकरको सेवक नै रहनेछु , रहनेछु प्रकाश सायमी भएर ।
मैले यो अभियान शुरु गर्दा म एक्लै थिएँ र आज उनका पछाडि जुलुस छ । शंकरले कहिले रिमाल, कहिले पारिजातलाई पुरस्कार दिलाए । आज उनकै नाममा दुईवटा पुरस्कार स्थापित छ । शंकर लामिछानेले धेरैका कविता पढे मैले शंकर लामिछाने निबन्ध कोशबाट नेपाली कविहरुको कविता वाचन गरेर अञ्जली नामक् सीडी निकालेर स्रष्टाहरुलाई कृतिश्व हस्तान्तरण गरेँ । तर म त उसको एउटा भावक मात्र थिएँ अरू भावकजस्तै अपरिचित र असम्बन्धित ।
शंकर मेरा निम्ति एउटा अभियान थियो र अब एउटा इतिहास भइसकेको छ । म इतिहासको एक मूक पात्र हुँ मेरा अगाडि यी सारा घटनासत्ता आफसेआफ दृश्यान्तर भैरहेकाछन् ।
अचम्म लाग्छ, गीतकार गोपाल योञ्जनले भनेझैँ त्यो एकदिनको घाम आज सयौँदिनको पानी भएको छ ।
सदैव आफ्नै एउटा कविता सम्झिन्छु,
*घाम रहला पानी रहला*
*हाम्रो कविता नरहला*
*एकदिन यही घामपानीमा*
*हामी कविता भएर जानेछौ*
म आज त्यही घामपानीको साक्षी मात्र भएको हुँ ।

oo